आज मिति २०८२।०६।३१ गते शुक्रबारको दिन बिहान ८:०० बजे यस [illegible]पालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम[illegible] छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर क्षेडी मगर | वडाध्यक्ष वडा नं.३ | — |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण ढुङ्गना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | — |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा [illegible] | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | — |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।०६।३१ गते, बैठक संख्या:४ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. ४.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ४.२ अध्ययन विदा तथा असाधारण विदा स्वीकृतिको लागि समिति गठन सम्बन्धमा,

प्रस्ताव नं. ४.३ सुझाव कार्यान्वयन सम्बन्धमा,

प्रस्ताव नं. ४.४ २०८२ असौज मसान्त सम्मको आन्तरीक राजस्व सम्बन्धमा,

प्रस्ताव नं. ४.५ मतदान स्थल तथा मतदान केन्द्र पुनरावलोकन सम्बन्धमा,

प्रस्ताव नं. ४.६ नदीजन्य पदार्थको IEE को लागि TOR स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४.७ अस्थायी/करार शिक्षक तथा विद्यालय कर्मचारीको करार म्याद थप सम्बन्धमा,

प्रस्ताव नं. ४.८ गै.स.स.लाई अनुमति प्रदान गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४.९ कपिलवस्तु जिल्ला अदालतलाई उपकरण सहयोग सम्वन्धमा,

प्रस्ताव नं. ४.१० कार्यविधि स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. ४.११ छाडा चौपाया दिर्घकालिन व्यवस्थापनका लागि गाईवस्तु एकिकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ४.१२ सडक बत्तिको विद्युतको महसुल सम्बन्धमा,

प्रस्ताव नं. ४.१३ विविध ।

**मिति: २०८२।०६।३१ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: ४ को निर्णयहरु**

**प्रस्ताव नं. ४.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ४.१** बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको दोस्रो बैठक मितिः२०८२।०५।२२ मा बसेको र उक्त बैठकको निर्णयबाट हिन्दुहरुको महान पर्व विजया दशमी र दिपावली नजिकिँदै गरेको र नागरिकहरुलाई आवतजावतमा सहजता ल्याउन र वर्षादका कारण भत्किएका र खाल्डा खुल्डीका कारण कुनैपनि सडक दुर्घटना नहोउन भन्ने उद्देश्यका साथ मर्मत गर्नुपर्ने अत्यावश्यक ठाउँहरुमा मर्मत सम्भारको लागि विनियोजित बजेट रु.१७ लाखबाट रु.१४ लाख विनियोजन गरी वडागत मर्मतसम्भार सिलिङ पठाईएको, नदीजन्य पदार्थ उत्खनन तथा संकलनको लागि प्रारम्भिक वातावरणीय परिक्षण IEE गर्नको लागि TOR तयारी गरिएको, आ.व.२०८२।०८३ मा सम्पादन गरिने योजनाहरुको भदौ २२ सम्मको अवस्थाको समिक्षा गरिएको सोही अनुसार समिक्षा अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४.२ अध्ययन विदा तथा असाधारण विदा स्वीकृतिको लागि समिति गठन सम्बन्धमा,**

**निर्णय नं. ४.२** यस कार्यालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको स्वदेश तथा विदेशमा अध्ययन गर्ने, तालिम गर्न विभिन्न छात्रवृत्ति तथा निजि प्रयासमा अध्ययनको लागि लिईने विदा स्वीकृतिको लागि सिफारिस गर्न स्थानीय निजामति सेवा ऐन, २०८१ को दफा ४९ को (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत
प्रशासन शाखा प्रमुख
सम्बन्धित विषयको विषयगत शाखा प्रमुख

**प्रस्ताव नं. ४.३ सुझाव कार्यान्वयन सम्बन्धमा,**

**निर्णय नं. ४.३** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखाको मितिः२०८२।०६।०९ च.नं. ७० र २०८२।०६।२६ च.नं. ७१ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयनको लागि सबै स्थानीय तहहरुलाई परिपत्र भएको विषय र अर्थ मन्त्रालयबाट खर्च कटौती तथा मितव्ययितता कायम गर्ने सम्बन्धी परिपत्रहरु वैठकमा प्रस्तुत भयो सो सम्बन्धमा कर्मचारी प्रोत्साहनले कर्मचारीको मनोबल उच्च राख्नुका साथै सार्वजनिक सेवालाई थप प्रभावकारी, पारदर्शी र जनमुखी बनाउन महत्वपूर्ण योगदान पुर्‍याउँने भएको, यस कार्यालयमा कार्यरत कर्मचारीको सेवा प्रवाह र विकासमा पुराएको योगदान स्वरुप आन्तरीक राजस्व संकलन अनुमान भन्दा बढी ११४% रहेको, नगरका कार्यसम्पादन मूल्याङ्कन सूचक (LISA, FRA) उत्कृष्ट रहेकोले प्रोत्साहन कार्यविधिको वस्तुनिष्ट परिधिभित्र रही आन्तरीक स्रोतबाट मात्र कार्यविधि अनुसारको सुविधा उपलब्ध गराउने तर सुझाव अनुसार आन्तरीक राजश्वको प्रयाप्त स्रोत अभावमा कुनै पनि प्रोत्साहन भत्ता उपलब्ध नगराउने गरी सुझाव कार्यान्वयन गर्ने साथै यस नगरपालिका अन्तर्गत आ.व.२०८२।०८३ मा कार्यान्वयन गर्ने गरी विनियोजन भएका कार्यक्रम तथा योजनाहरु हाल देशमा देखिएको विषम परिस्थितीका कारण संघ तथा प्रदेशले स्थानीय तहहरुलाई उपलब्ध गराउने अनुदानहरु कटौती हुने र आन्तरीक आय समेत अनुमान अनुसार प्राप्त हुन नसक्ने देखिएकोले हाललाई लक्षित वर्गका कार्यक्रम र टुक्रे योजनाहरु कार्यान्वयन हाललाई स्थगित गर्ने १०

लाख भन्दा बढीका सबै योजनाहरु ठेक्का प्रकृयाबाट सम्पादन गर्ने व्यवस्था सहित सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४.४ २०८२ असौज मसान्त सम्मको आन्तरीक राजस्व सम्बन्धमा,**

**निर्णय नं. ४.४** यस कार्यालयको आ.व.२०८२।०८३ को असौज मसान्त सम्म प्राप्त भएको आन्तरीक राजस्व निम्नानुसर रहेकोले सोही बमोजिम सार्वजनिक गर्ने निर्णय गरियो।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान (रु.हजारमा) | हालसम्मको (रु.हजारमा) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ८०००००० | १९७०६९१ | २४.६३ |
| २ | ११३१४ | भुमिकर/मालपोत | १२०००००० | ३४१९१२१ | २८.४९ |
| ३ | ११३१७ | वहाल कर | १००००००० | १५३८३६६ | १५.३८ |
| ४ | ११३१८ | वहाल विटौरी कर | २५०००००० | १२२३८६४ | ४८.९५ |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ३००००० | ३००० | १.०० |
| ६ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०००००० | १०००० | ०.३३ |
| ७ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ४००० | ० | ०.०० |
| ८ | १४२१८ | विद्युत सेवा शुल्क | २०००००० | १८२०० | ०.९१ |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ८०००००० | ८१५० | ०.१० |
| १० | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २०००० | ३१०० | १५.५० |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०००००० | २२८३०० | २२.८३ |
| १२ | १४२४२ | नक्सापास दस्तुर | ५९००००० | १०६४०४२ | १८.०३ |
| १३ | १४२४३ | सिफारिश दस्तुर | १०००००००० | १४८७६४० | १४.८८ |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | १२३८०० | १२.३८ |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५००००० | ४३२०० | ८.६४ |
| १६ | १४२४९ | अन्य दस्तुर | ३०००००० | ६६३४३६ | २२.११ |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | २२०५०० | २७.५६ |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३०००००० | ४४७४३० | १४.९१ |
| १९ | १४६११ | व्यवसाय कर | ६५००००० | ११३०९०० | १७.४० |
| २० | १५१११ | बेरूजू | २०००० | ० | ०.०० |
| जम्मा | | | ७७५४४००० | १३६०३७४० | १७.५४ |

**प्रस्ताव नं. ४.५ मतदान स्थल तथा मतदान केन्द्र पुनरावलोकन सम्बन्धमा,**

**निर्णय नं. ४.५** जिल्ला निर्वाचन कार्यालय, कपिलवस्तुको च.नं. २५, मिति २०८२।०६।२९ को पत्र अनुसारको व्यहोरा आजको वैठकमा पेश भई छलफल भयो सो सम्बन्धमा मतदानकेन्द्र पुनरावलोकनको लागि प्रयाप्त अभ्यास र समय आवश्यकता हुने भएकोले हाललाई यस नगरपालिका अन्तर्गत रहेका कुनैपनि मतदानस्थल तथा मतदान केन्द्र पुनरावलोकन नगर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४.६ नदीजन्य पदार्थको IEE को लागि TOR स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ४.६** बाणगङ्गा नगरपालिका अन्तर्गतका नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE-Report) तयारीको लागि तयार गरिएको कार्य शर्त विवरण (Terms of Reference) TOR स्वीकृत गर्ने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. ४.७ अस्थायी/करार शिक्षक तथा विद्यालय कर्मचारीको करार म्याद थप सम्बन्धमा,**

**निर्णय ४.७** यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयमा अस्थायी/करार/राहत अनुदान/संघीय शिक्षण सहयोग अनुदान/साविक उच्च माध्यमिक तहको राहत अनुदान तथा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीहरुको शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९७ को उपनियम (८) मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा नियमानुसार करार म्याद हरेक ६/६ महिनामा (एक पटकमा छ महिनामा नबढाई) थप तथा करार सम्झौता गर्ने/गराउने र सोही मुताविक म्याद थप र करार सम्झौताका आधारमा म्याद थप भएका शिक्षक, बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको मात्र तोकिए बमोजिमको पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. ४.८ गै.स.स.लाई अनुमति प्रदान गर्ने सम्बन्धमा,**

**निर्णय नं. ४.८** मायादेवी गा.पा. १ कपिलवस्तुमा संञ्चालित सनाबिल अल खैर सामाजिक संस्थाले यस नगरपालिकाका विभिन्न वडाहरुमा खानेपानी, पोषण, सिप विकास र राहत सम्बन्धि कार्यक्रम सञ्चालन गर्न पूर्व स्वीकृति माग गरेकोले नगरपालिकाको समन्वयमा सम्बन्धित वडासँग सहकार्य गरी तोकेको स्थानमा कार्यक्रम सञ्चालन गर्ने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४.९ कपिलवस्तु जिल्ला अदालतलाई उपकरण सहयोग सम्बन्धमा,**

**निर्णय नं. ४.९** कपिलवस्तु जिल्ला अदालतको च.नं.२११३, मितिः२०८२।०६।२८ को आवश्यक सहयोग सम्बन्धमा लेखिएको पत्रानुसार जेन जी आन्दोलनको क्रममा आगलागी र तोडफोडबाट विभिन्न सामाग्रीहरुमा क्षती पुगेको र तत्काल कार्यसम्पादन गर्न कठिनाई भएको देखिएकोले अदालतको आधारभूत सेवा सञ्चालनमा ल्याउन कम्प्युटर प्रिन्टर लगाएत सामाग्रीहरु उपलब्ध गराई आवश्यक सहयोग हुन अनुरोध भई आएकोले हाललाई २ थान कम्प्युटर सेट (प्रिन्टर सहित) उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ४.१० कार्यविधि स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. ४.१०** विधायन समितिबाट छलफल भई कार्यपालिकामा स्वीकृतिको लागि सिफारिस भएको बाणगङ्गा नगरपालिकाको स्वर्णविन्दु प्राशन कार्यक्रम कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४.११ छाडा चौपाया दिर्घकालिन व्यवस्थापनका लागि गाईवस्तु एकिकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ४.११** हाल मधुवन धाम-२६५, कोठी नदी-३८०, कपिलधाम-१६५, भलवाड-११०, रामदतिवन-८५ गरी जम्मा १००५ गाईहरु नगरपालिकाको खर्चमा व्यवस्थापन हुँदै आएको विवरण बाणगङ्गा नगरपालिकाको पशु चौपाया व्यवस्थापन समितिको मितिः २०८२।०६।२४ गतेको बैठकबाट भएको निर्णय बाट अभिलेख सहित जानकारी भएको, दिर्घकालिन रुपमा छाडा चौपाया व्यवस्थापनको लागि मधुवन बाहेक विकल्प नरहेको र विभिन्न स्थानमा आम्दानी खर्चहरु समेत व्यवस्थापन गर्न समस्या देखिएकोले भागिरथी गौशाला मधुवनसँग सहकार्य गरी क्षमताको आधारमा मधुवनमै गाईवस्तु एकिकृत गर्ने र अन्य प्रकृया आवश्यकता र अवस्था हेरी व्यवस्थापन मिलाउने निर्णय गरियो।

**प्रस्ताव नं. ४.१२ सडक बत्तिको विद्युतको मसहुल सम्बन्धमा,**

**निर्णय नं. ४.१२** नेपाल विद्युत प्राधिकरण तौलिहवा वितरण केन्द्रको चलानी नं.२५३, मितिः २०८२।०६।०७ गतेको पत्रबाट संलग्न बिल अनुसार २,७७,२५,४१४।१२ रुपैयाको जरिवाना सहितको विवरण प्राप्त भएको विषयमा यस

नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। यस सन्दर्भमा कार्यपालिका विभिन्न बैठकमा प्रस्तुत भई छलफल हुने गरेको, नगर पालिकाको कुनै पनि स्थानमा मिटर बिना सडक बत्ति जडान नगरेको र नेपाल विद्युत प्राधिकरणले पटक पटक डिमान्ड चार्ज र जरिवाना सहितको पत्र पठाउने गरेको सम्बन्धमा पुनः कार्यपालिकाको मिति:२०८२।०६।३१ गतेको कार्यपालिका बैठकमा प्रस्तुत भई छलफल भएको। यस बाणगङ्गा नगरपालिका अन्तर्गत कुनै स्थानमा मिटर नजोडी सडक बत्ति बालेको अवस्था भएमा सो कार्य गैर कानूनी हो। यस कार्यालयबाट कहीँ कसैलाई मिटर नजोडी सडक बत्ति बाल्नको लागि अनुमति नदिएको, मिटर विना सडक बत्तिमा कुनै लगानी पनि नरहेको र सडक बत्तिकै सम्बन्धमा यस कार्यालयबाट यस अघि मिति:२०८१।१२।०३ च.नं. ३२५१, मिति:२०८०।११।०८ च.नं. २७०२, मिति: २०८०।०९।१९, च.नं. १८३५, मिति:२०८०।०७।१२ च.नं.८८८, को पत्र समेत पठाईएकोमा विद्युत प्राधिकरण, वितरण केन्द्र तौलिहवाबाट हालसम्म यस कार्यालयलाई सडक बत्तिको सम्बन्धमा एकिन विवरण नपठाई नियमित रुपमा मासिक खपत महसुल सहित पत्राचार गर्ने गरेको यसरी यदि कुनै स्थानमा मिटर बिना सडकबत्ति जडान गरेको पाईएमा बत्ति तथा तार जफत गरी कानूनी कारवाही गर्नुहुन र उक्त कार्यमा यस नगरका सबै वडाहरुले समेत सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै कार्यालयको नाउँमा औल्याईएको बक्यौता रकम अभिलेखबाट लगत कट्टा गर्न नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र तौलिहवा र उक्त कार्यालयका माथिल्ला निकायहरुलाई समेत लेखि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. ४.१३ विविध।**

**निर्णय नं. ४.१३.१** बाणगङ्गा नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न देशभरका ४०० भन्दा बढी साईकिल यात्रीहरुले यस बाणगङ्गा नगरपालिकाका विभिन्न पर्यटकीय स्थानहरुको अवलोकन गर्न प्रथम बाणगङ्गा साईकल यात्रा २०८२ बाणगङ्गा राईडर्स क्लबबाट आयोजना गर्ने कार्यक्रम यही कार्तिक २९ गते हुने भएको र सो कार्यक्रमको लागि आर्थिक सहयोग माग भएको, त्यसैगरी 90'S WARRIORS CLUB बाट भाद्र १८ गते बुधवारको दिन सञ्चालन भएको Open Knockout Cricket Tournament को लागि आर्थिक सहयोग माग भएको, त्यसैगरी बाणगङ्गा नगरपालिका वडा नं. १० स्थित कालिका क्लबद्वारा आयोजना गरिएको खुल्ला भलिबल प्रतियोगिता कार्यक्रम सञ्चालन वापत आर्थिक सहयोग माग भएको, बाणगङ्गा नगरपालिका अन्तर्गत विभिन्न शाखा तथा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको संयुक्त क्रिकेट खेलकुँद कार्यक्रमको लागि आर्थिक सहयोग माग भएकोले निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | संस्थाको नाम | आर्थिक सहयोग रकम | भुक्तानीको स्रोत |
|---|---|---|---|
| १ | बाणगङ्गा राईडर्स क्लब कपिलवस्तु | २,००,०००।- | संस्थागत सहायता खर्च/संघ संस्था सहयोग खर्च |
| २ | 90's Warriors Club, बाणगङ्गा ४ कपिलवस्तु | ५०,०००।- | विभिन्न खेलकुँद कार्यक्रम |
| ३ | कालिका क्लब वडा नं. १० | १,००,०००।- | |
| ४ | कर्मचारी खेलकुँद कार्यक्रम (क्रिकेट सहभागिता) | ५९,०००।- | |

**४.१३.२** बाणगङ्गा नगरपालिका र अन्तर्गतका कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा के कति कर्मचारी आवश्यकता हुन्छ र के कति [illegible] गर्न सकिन्छ भन्ने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने गरी प्रशासन शाखा प्रमुखको संयोजकत्वमा शिक्षा, स्वास्थ्य, [illegible], कृषि, पशु, राजस्व शाखा प्रमुखहरु सदस्य रहने गरी निम्नानुसार अध्ययन टोली गठन गरी जिम्मेवारी दिने निर्णय गरियो।

**४.१३.३** यस कार्यालयका लेखा अधिकृत श्री केशबराज गैरेको JDS 2026 अध्ययन छात्रवृत्तिको लागि पेश भएको निवेदन सम्बन्धमा निजलाई जापानिज सरकारबाट बैदेशिक अध्ययनका लागि प्राप्त हुने छात्रवृत्तिमा अध्ययनको लागि स्वीकृत प्रदान गर्ने र निज उक्त प्रतिस्पर्धात्मक अध्ययन छात्रवृत्तिमा छनोट भएमा तलबी अध्ययन विदा दिने निर्णय गरियो।

**४.१३.४** यस कार्यालयबाट पूर्व स्वीकृति लिई पोखरा विश्वविद्यालयबाट सिभिल ईन्जिनियरिङ तर्फ स्नातक तहको परीक्षाबाट पूर्ण छात्रवृत्ति कोटामा उत्तीर्ण भई सिफारिस भएकोले निजलाई अध्ययनको लागि स्वीकृति प्रदान गर्ने र निजलाई तलबी अध्ययन विदा दिने निर्णय गरियो।

**४.१३.५** गत आ.व.२०८१।०८२ मा लुम्बिनी प्रदेश सरकार तथा बाणगङ्गा नगरपालिकाबाट कोशेली घर निर्माणको लागि बजेट विनियोजन गरिएको र यस आ.व.२०८२।०८३ मा लागत सहभागितामा कोशेली घर निरन्तरता (७०/३०) शिर्षकमा बजेट विनियोजन भएकोमा गत आ.व.मा सिनर्जी बहुउद्देश्यीय सहकारी संस्थासंग सहकार्य गरी कार्यान्वयन गरिएको र पूर्ण रुपमा सम्पन्न नभएकोले यस आ.व.मा विनियोजन बजेट ७०/३० लागत साझेदारी हुने गरी सोही संस्थामार्फत कोशेलीघर निर्माण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

CamScanner

४.१३.५ पूर्व पश्चिम लोकमार्ग अन्तर्गत कोईली पारी खारखानी देखि करीव २ कि.मी. उत्तर बाणगङ्गा वडा नं. ९ को समृद्धि सामुदायिक वनको बुट्‍यान क्षेत्रमा फोहर प्रसोधन केन्द्र निर्माणको लागि DPR तयार भई सकेकोले उक्त जग्गा प्राप्तिको लागि शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र बबरमहल, काठमाण्डौमा लेखि पठाउने निर्णय गरियो।

४.१३.६ श्रृङ्गिघाट सिंचाई योजना अन्तर्गत उपभोक्ता समिति मार्फत  कुलो सफाई गर्दा निस्किएको नदीजन्य पदार्थको ठेक्का पट्टा यस कार्यालयद्वारा गरिएको र उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्ने भएको हुँदा बोल कबोल वापतको रकम सञ्चित कोषमा राखेर उपभोक्ता समितिलाई भुक्तानी उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो।